# दुहबी नगरपालिकाको
# मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७४

पारित मिति : २०७४/९/२७

**प्रस्तावना :**

दुहबी नगरपालिका भित्र सडक, सिँचाई, भवन पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनकालागि मर्मत संभार कोष स्थापना गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को देफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको यो कार्यविधि बनाएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम दुहवी नगरपालिकाको **मर्मत सभार कोष संचालन निर्देशिका -२०७४** रहने छ ।

(ख) यो निर्देशिका नगर सभाबाट पारित भएपछि तत्काल लागू हुनेछ ।

**२. परिभाषा :**

(क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ लाई बुझाउने छ ।

(ख) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ लाई बुझाउने छ ।

(ग) "स्थानीय तह " भन्नाले दुहवी नगरपालिकालाई बुझाँउने छ ।

(घ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको वडा टोल वस्तीमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको समिति भन्ने बुझाँउनेछ ।

## परिच्छेद– २

**३. व्यवस्थापन समिति**

(क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| १) नगर प्रमुख | अध्यक्ष |
| २) पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३) वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सदस्य | सदस्य |
| ६) आर्थिक प्रशासन शाखाका प्रमुख | सदस्य |
| ७) पूर्वाधार विकास शाखाको प्रमुख | सदस्य सचिव |

समितिको बैठक नगर प्रमुखको आदेशानुसार जुनसुकै समयमा बैठक बस्न सक्ने छ । वैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम

हुनेछ । वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद-३

**४. कोष स्थापना :** मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम

ग) नगर सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध

**५. कोष संचालन**

(क) कोषको नाममा प्राप्त हुन आएको रकम दुहवी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ ।

(घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद–४

**६. कोषको खर्च प्रणाली :** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

(क) सडक, कल्र्भट, पूल, ढल आदीकोमर्मत सम्भारसम्बन्धी कार्य ।

(ख) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मतसम्बन्धी संम्भार कार्य ।

(ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

(घ) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्डः** उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र

नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।

(क)सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

(ख) नगर यातायात गुरुयोजनामा परेका सडकहरु ।

(ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

(घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

(ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

(च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा ।

(छ) दुई वा दुई भन्दा सो भन्दा वढी स्थानीय तहलाई जोड्ने सडक, कृषिसडक, ग्रामीण सडक, पुल पुलेसा, कल्भेट, कुलो पैनी, बाँध आदि ।

८. **मर्मत सम्भार कार्य गराउने व्यवस्था :** नगरपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मतसंम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भर, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद–५

९.**संशोधन वा खारेजी :**

(क) मर्मत सम्भार कोष संचालन निर्देशिकामा संशाोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाको निर्णयानुसार हुने छ ।

(ख) यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक ऐन नियमावलीसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।